अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं


मिति: २०७५।०३।०५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल काठमाडौंमा कार्यरत नायव सुब्बा जुनेस सापकोटाले कम्पनी नवीकरण गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.१०,०००।-(दस हजार) घुस वापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज र सोही कार्यालयका निर्देशक (उप-सचिव) पुरुषोत्तम सुबेदी र अधिकृत रामहरी पोखरेल समेतको आपसी मिलेमतोमा उक्त कार्य गरेको देखिन आएको हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.१०,०००।-(दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता